
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ६८ पृष्ठ : ४ २०७७ असोज ५ गते सोमबार (Monday 21 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

• माइनजन' प्रणाली •

# समयसापेक्ष हुन नसक्दा विश्वसनीयको आधार गुम्दैं

**म**धेसका हरेक जातीय समुदायमा मूख्य व्यक्ति 'माईनजन' हुन्छन् । टोल, बस्तीका ती 'माइनजन'ले जातीय समुदायको जन्म, विवाह, मृत्यु संस्कारदेखि भोज भतेरका बारेमा निर्णय सुनाऊछन् । उसले सुनाएको निर्णय सबैले पालना गर्नु अनिवार्य हुन्छ । त्यही निर्णय ती जातीय समुदायमा कानुन सरह लागू हुन्छ ।

मधेसका दलित मुसहर, चमार, डोम, पासवानदेखि यादव, महतो, हलुवाई, सुडी, कुर्मी लगायत तराईका अधिकांश जातिमा 'माइनजन' प्रथा कायमै छ । जातीय समाजलाई सहि बाटोमा डोऱ्याउन 'माइनजन' को महत्वपूर्ण भूमिका हुन्छ ।

थारू, दनुवार, सन्थाललगायतका मधेसका यादव, महतो, हलुवाई, सुडी, कुर्मी लगायत समुदायमा प्रचलित प्रथा जनित संस्था माइनजन प्रणाली समयसापेक्ष हुन नसक्दा पूर्बी तराईमा लोप हुने अवस्थामा पुगेको छ । सामाजिक सुव्यबस्थाका लागि कुनै समयमा शक्तिशाली मानिएको यो प्रणालीसम्बन्धीत समूदायको वेवास्थाका कारण लोप हुने अवस्थामा पुगेको हो ।

बर्दिया, कैलालीतिर बडघर वा बलमन्सा र दाङ देउखुरीतिर महतवा, बडघर भनिएझैं पूर्बी तराईको सिरहा, सप्तरी, महोत्तरी लगायतमा माइनजन प्रणाली भन्ने गरिन्छ । कुनै समयमा सशक्त र शक्तिशाली मानिएको यो प्रथाजनित संस्था आधुनिक रहनसहनका कारण सम्बन्धीत जातीय समूदायले नै बेवास्था गर्ने गरेका छन् । तथापि, यसको अस्तित्व भने अझै बाँकी छ ।

दशक अघिसम्म माइनजन प्रणालीले समाजलाई सुरक्षा, नेतृत्व र समाजलाई न्याय पुऱ्याउँदै आएको थियो । माइनजन प्रणाली मधेसका ती समूदायको सबैभन्दा पुरानो प्रथाजनित संस्था र कानुन हो । यसको सक्रियता रहेसम्म त्यतिखेर शान्ति सुव्यबस्था र मेलमिलाप रहेको थियो । माइनजन प्रथाले स्थानीय गाउँको विकास योजनामा श्रमदान गराउने, कुलो खानेपानीको निर्माण, ग्रामदेवताको पुजा तथा समान्य बादविबाद मिलाउने काम गर्दछ । टोल, बस्तीका ती 'माइनजन'ले जातीय समुदायको जन्म, विवाह, मृत्यु संस्कारदेखि भोज भतेरका बारेमा निर्णय सुनाउँछन् ।


फाइल फोटो

जातीय माईनजनले भोज भतेर र निमन्त्रणा लगायत विवाह बटुलको मुख्य जिम्मेवारी बहन गर्छन । जातीय माइनजनले नै कति जना भोज खुवाउने र दहेज (दाइजो) लेनदेनमा मुख्य भूमिका त्यस जातीय सभा र भोजमा निर्वाह गर्छन ।

कुनै समयमा माइनजनलाई असिमित अधिकार थियो । तर यस्तो अधिकार लिखित भने थिएन । न्याय प्रणालीमा माइनजन न्यायधिश जस्तै हुन्थे । तर माइनजनले न्याय दिंदा एकपक्षिय नभएर सामुहिक रायका आधारमा यस्तो न्याय दिने गरिन्थ्यो ।

राणाकालमा मान्जनलाई कानुनी मान्यता समेत थियो । प्रगन्ना, देशबन्धा, महतवा र घरधुऱ्या जस्ता चारतहमा

———बाँकी ३ पेजमा

# दुर्घटनामा महिलाको मृत्यु

**सिरहा ।** पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिरहाको गोलबजार नगरपालिका-७ स्थित पुरानो चोहर्वामा पिकअप भ्यानले मोटरसाइकललाई ठक्कर दिंदा आइतबार एक महिलाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार स. ६ प. ३९९३ नम्बरको मोटरसाइकललाई पछाडीबाट

———बाँकी ३ पेजमा

# सोमबारदेखि भारी वर्षा हुने, सतर्कता अपनाउन आग्रह

**लहान ।** जल तथा मौसम विज्ञान विभागले सोमबारदेखि अगामी शुक्रबारसम्म देशभर भारी वर्षा हुने जनाएको छ ।

विभागले आइतबार सूचना जारी गरि अगामी ४-५ दिन भारी वर्षा हुने जनाएको छ । उत्तरपूर्व बंगालको खाडीमा रहेको न्यून चापीय क्षेत्र उत्तर-

———बाँकी २ पेजमा

# प्रदेश २ मा पछिल्लो २४ घण्टामा ८२ जनामा संक्रमण

**लहान ।** प्रदेश २ मा पछिल्लो २४ घण्टामा ८२ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

प्रदेश २ का सामाजिक विकास मन्त्रालयका अनुसार आइतबार सिरहामा १८ जना, रौतहटमा २६ जना, सर्लाहीमा ८ जना, पर्सामा १२ जना र सप्तरीमा १८ जनामा कोरोना पुष्टि भएको छ । योसँगै यस प्रदेशमा कोरोना संक्रमितको संख्या १२ हजार ९ सय ४६ पुगेको छ । हालसम्म कोरोनामुक्त हुनेको संख्या ७ हजार ४४ रहेको छ ।

**एकैदिन ५ जनाको ज्यान गयो**

प्रदेश २ मा कोरोनाबाट थप ५ जनाको ज्यान गएको छ । योसँगै यस प्रदेशमा कोरोनाबाट मृत्यु हुनेको संख्या १२१ पुगेको छ ।

सामाजिक विकास मन्त्रालयले पछिल्लो २४ घण्टामा यस प्रदेशका पर्सामा २ जना, बारामा १ जना र रौतहटमा १ जनाको ज्यान गएको उल्लेख गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने धनुषामा पनि कोरोनाबाट एक जनाको ज्यान गएको बताएको छ । सामाजिक विकास मन्त्रालयले उपलब्ध गराएको तथ्यांक अनुसार बाराको कलैया-१३ बलिरामपुरका ६५ वर्षीय पुरूष, रौतहट गौर नगरपालिका-१ का ६१ वर्षीय पुरूष, पर्साको वीरगन्ज-४ का ७८ वर्षीय पुरूष र वीरगन्ज-६ का ८८ वर्षीय पुरूषको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले धनुषाका ७६ वर्षीय पुरूषको पनि कोरोनाबाट ज्यान गएको बताएका छन् ।

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

## भित्री पृष्ठमा

धर्म, ईश्वर र नियति
पेज २ मा

किन स्थानीय तहका जनप्रतिनिधि विवादित ?
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# पार्टीको झण्डा व्यापारमा प्रयोग हुन रोक्नुपर्छ



रामचन्द्र पौडेल

**काठमाडौं ।** कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कम्युनिस्टहरूसँग प्रतिष्पर्धाका लागि पार्टीको झण्डालाई व्यापारका लागि प्रयोग गर्न रोकेर समाजवादको बहसमा उतार्न आवश्यक रहेको बताएका छन् ।

गणेशनमान सिंहको स्मृति दिवसका अवसरमा प्रध्यापक बहस चौतारीले आयोजना गरेको भर्चुअल कार्यक्रममा वरिष्ठ नेता पौडेलले कांग्रेसले जनता माझमा समाजवादीको खरो व्याख्या गरेर जानुपर्ने बताए ।

उनले पार्टीको लोगो र झण्डालाई व्यापार व्यवसाय गर्नका लागि प्रयोग गर्ने क्रम बढेको बताए । नेता पौडेलले पार्टीका सबै नेता–कार्यकर्ताहरूले समाजवादी आचरण र व्यवहार देखाउनुपर्ने बताए ।

आउँदो चुनाव जित्नका लागि कांग्रेसलाई समाजवादमा खरो उतार्नु आवश्यक भएको भन्दै अब उनले राजनीतिक जोडघटाउबाट राजनीति चलाउने नभएर सिद्धान्तको राजनीति आवश्यक भइसकेको बताए ।

पौडेलले भने, कम्युनिस्टसँग हामी खरो रूपमा बहसमा उत्रनुपर्छ । हाम्रो समाजवाद भनेको यो हो । राष्ट्रियता यो हो लोकतन्त्रप्रतिको आस्था यो हो । कम्युनिष्टहरूलाई सिद्धानतको बहसमा उतार्न सक्नुपर्छ । कम्युनिष्टहरूको विचार के हो ? उनीहरूले अझै पनि झुट बोलिरहेका छन् ।

पौडेलले कम्युनिस्टलाई सिद्धान्तको बहसमा उत्रार्न सकेमात्र कांग्रेसको जीत हुने बताए । उनले भने, सिद्धान्तको लडाइ नथाले कम्युनिस्टसँग प्रतिष्पर्धामा उर्त्रने सकिदैन् । उनीहरूसँग पैसा, राज्यसत्ता सबै छ, अब कम्युनिस्टलाई पररास्त गर्न सकिदैन् ।

पौडेल भने, कांग्रेसको समाजवाद भनेको गरिबको हितका लागि हो, दलितको पक्षमा हो, श्रमिकको साथी समाजवाद हो, किसानको विचार समाजवाद हो । वरिष्ठ नेता पौडेलले गरिबको हित सुरक्षा नगरि पुँजीपतिको सुरक्षा हुँदैन भन्ने विश्वास पुँजीपतिलाई दिलाउनुपर्ने बताउदै गाउँको विकासले सहरको व्यापार बढ्ने विश्वास दिलाउनुपर्ने बताए । उनले समाजवाद भनेको मान्छेलाई मान्छेको रूपमा हेर्ने दृष्टकोण भएको पनि बताए ।

कार्यक्रममा प्रध्यापक डा. गोविन्दमान सिंह कार्कीले कार्यपत्र पेश गरेका थिए । सो कार्यपत्रमाथि नेपाल पत्रकार महासंघको पूर्वसभापति धर्मेन्द्र झाले कार्यपत्रमाथि टिप्पणी गरेका थिए ।

## सोमवारदेखि..

पश्चिमतर्फ सर्ने क्रममा नेपालका विभिन्न भागमा भारी वर्षा हुने सूचनामा उल्लेख छ । सूचनामा भनिएको छ, 'नेपालको धेरै स्थानमा मेघ गर्जन र चट्याङसहितको वर्षा तथा केहि स्थानमा भारी वर्षा हुनेछ ।'

हावाहुरीको समेत सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन विभागले अपिल गरेको छ । रासस

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

# धर्म, ईश्वर र नियति

## बिपी कोइराला राजनीतिक अभिलेख

देवताले केही अनुकम्पा गर्लान् भन्ने मलाई लाग्दैन । म देख्दछु, कति साना बच्चाहरू मरिरहेका छन्, आमाहरूले कल्पेर देवताहरूको कति प्रार्थना गरे होलान्, कतिका दुलाहा मरिरहेका होलान्, कतिको घर बरबाद भयो होला । ती सबै कुरा देख्दा भने मलाई ईश्वरको विशेष अनुकम्पा हुन्छ भन्ने पत्यार लाग्दैन ।

अस्ति चन्द्रशेखर यहाँ आएका थिए । उनले पशुपतिनाथ जान्छु भने । उनले मेरो डाक्टरलाई लिएर गए र त्यहाँबाट दुई बोहोता 'प्रसाद' लिएर आए । उनले त्यसमध्ये एउटा सुशीलालाई र अर्को अरू कसैलाई दिए । मलाई उनले त्यहाँबाट ल्याएको टिको लगाइ दिए । तसर्थ, उनले पशुपतिनाथबाट प्रसाद लिंदा केही भनेका थिए होलान् नि ! उनको भावनालाई म कदर गर्दछु । मेरो जहानलाई यो लगाइदिनुहोस् भनेर एकजनाले साई बाबाको विभूति दिएको रहेछ । मलाई विभूति दिने व्यक्ति वा त्यस विभूतिलाई पवित्र ठान्ने मेरी पत्नीको भावनालाई म असाध्य कदर गर्दछु । यो पनि मलाई थाहा छ, मानिसको सङ्कट मानसिक होस् वा आध्यात्मिक, त्यसको निवारण उसको आत्मबलमा छ । एउटा सानो सङ्कटले कतिलाई छट्पटाएर मारिदिन्छ, भने केही मान्छले त्यो सङ्कटमाथि विजय प्राप्त गर्दछन् । दैवी शक्ति भन्ने कुरो त्यसैबाट निसृत हुन्छ भन्ने पनि मलाई थाहा छ ।

यसपालि म बम्बईको एउटा क्यान्सर हस्पिटलमा गएको थिएँ । क्यान्सर हस्पिटलको वातावरण बडो निन्याउरो किसिमको थियो । किनभने, क्यान्सर भयो भन्नेबित्तिकै त्यस व्यक्तिलाई मृत्युदण्ड दिएजस्तो अनुभव हुन्छ । एउटा मान्छेलाई मृत्युदण्डको फैसला हुन्छ, त्यसको अपिल इत्यादि गर्दागर्दै पाँच–छ वर्षमा त्यो कार्यान्वयन हुन्छ । क्यान्सर भनेको पनि त्यस्तै हो । जसलाई क्यान्सर भयो भनिएको छ, ऊ त त्यसै आधा मरिसकेको जस्तो हुन्छ ।

त, म बम्बईको क्यान्सर हस्पिटलको छतमा टहलिरहेको थिएँ । सानो छत छ । म अरूभन्दा पहिले टहलुँ भनेर गएको थिएँ । त्यहाँ अरू कोही बिरामी जाँदैनन् । त्यहाँ मैले देखें, एउटी स्वास्नीमान्छे सूर्योदयको प्रतीक्षामा उभिइरहेकी थिई । उसले मलाई देखी । म पनि एउटा कुनामा टहलिरहेको थिएँ । उसले आफ्नो चप्पल फुकाली र बडो आर्तरोदन करुणाको स्वरमा सूर्यलाई प्रार्थना गरी । मलाइ लाग्दछ, त्यसको छोरो वा दुलहा मजस्तै रोगी थियो होला । अनि, मलाई लाग्यो, उसलाई जस्तो पर्‍यो होला, त्यस्तै चोट सबैको परिवारलाई परिरहेको छ । त्यस्तै, मेरो परिवारलाई जस्तै अरू परिवारलाई पनि चोट पर्‍यो होला । अब, देवताले कसकसलाई बचाई हिंड्ने ? आफ्नो तमाम आधार नै डुब्न थालेकी एउटी स्वास्नीमान्छे अब केही आधार नभएर उदाउन लागेको सूर्यलाई अर्घ दिएर प्रार्थना गर्न लागेकी छ, रोएर बलिन्द्र आँशु झारेकी छ । मन्दिरमा भएको भए त अर्कै कुरा हुन्थ्यो होला, त्यस अस्पतालको छतमा भएकाले अस्पतालकै कुनै रोगीको निम्ति पुकारा गरी होली । अधबैंसे थिई, त्यसै हुनाले ऊ आफ्नो दुलहाको लागि वा छोरा वा छोरीको लागि प्रार्थना गरिरहेकी थिई होली । त्यसलाई देवताले सुन्ने ? कतिलाई सुन्ने ?

मैले कसैलाई बुझ्न खोजैं भने त्यै ठाउँमा बसिरहुनु मेरो समस्या हो । मैले देवतालाई बुझ्न खोजैं भने 'म देवता भएको भए के गर्थें भन्ने सोच्दछु ? कि क्यान्सर रोग हुँदै नहुने पार्नुपर्‍यो, नत्र, क्यान्सर भएपछि कति मान्छे मर्दछन्, कति मान्छे मर्दैनन् देवताले कसलाई बचाउने, कसलाई नबचाउने, त्यसको मापदण्ड के ?

अस्ति मकहाँ एकजना जोगी आए । ती कुनै पाखण्डी जोगी होइनन्, भित्रैदेखि वैराग लागेर भएका जोगी हुन् । उनी पहिले हाम्रै पार्टीमा थिए, पछि के विरक्त लागेर हो, जोगी भए । उनले आएर भने, 'तपाईं विरामी हुनुहुन्छ भन्ने मेरो गुरुबाट थाहा पाएँ ।'

उनका गुरु ऋषिकेशभन्दा माथि बस्दा रहेछन् । उनले थपे, 'गुरुले केही न केही त गर्नुपर्‍यो, म पनि गर्छु, तिमी पनि गर' भनेर मलाई पठाएको हुनाले म आएको हुँ । तपाईंको निम्ति कुनै अनुष्ठान वा यज्ञ जे गर्नुपर्छ, म कुनै पवित्र स्थलमा गएर त्यो गर्छु ।'

अनि मैले नै प्रश्न गरैं, 'देवताको अगाडि यतिका मान्छे मरिरहेका छन्, कति लडाइँ, नरसंहार भइरहेका छन् र त्यस लडाइँमा कति बालकहरू मारिए होलान्, देवतालाई मेरो बारेमा मात्र किन फिक्री हुने ?"

उनका गुरुले भनेका छन् 'देवताको नजरमा लाखौं साधारण मानिस महत्त्वका हुँदैनन्, असाधारण एउटा व्यक्ति पनि बडो महत्त्वको हुन्छ । त्यसलाई बचाउने वा रक्षा गर्ने खाँचो पनि देवतालाई पर्दछ । त्यस्तो ठाउँमा राम्रो उद्यम भएको छ र देवतालाई पनि खाँचो परेको छ भने देवताले बचाउँछन् ।' उनले यस्तो तर्क दिए ।

मेरो भनाइको मतलब के हो भने हामीहरू हिन्दु शास्त्रअनुसार र आजकलको विज्ञानअनुसार अहिले विकास उन्मुख स्थितिमा छौं । मानव अरूको तुलनामा सबैभन्दा परिष्कृत जीव हो । यो कसरी भयो भनेर सोध्दा विकासवादीहरू भन्दछन्, 'तलबाट विकास हुँदाहुँदा यस रूपमा आएको हो ।' आध्यात्मवादीहरू पनि त्यस्तै कुरा भन्दछन् र हामीमा अझ अगाडि बढ्ने क्षमता रहेको बताउँछन् । हामीले त्यस क्षमतालाई बुझेर काम गर्‍यौं भने हामी मानवबाट अतिमानव बन्न सक्तछौं र भोलि पर्सि यो मानव समाज अतिमानव समाज बनेर जान पनि सक्ला । त्यस दृष्टिबाट हेर्दा जसरी एउटा साधारण मानिस एकलाख फट्याङ्ग्राभन्दा महत्त्वपूर्ण हुन्छ त्यसैगरी एउटा अतिमानव दसजना साधारण मानिसभन्दा महत्त्वपूर्ण हुन्छ । एउटा अतिमानव एक लाखजना मानिसभन्दा महत्त्वपूर्ण हुन्छ भन्ने मान्ने हो भने त अलिकति बुद्धिले पनि भ्याउँछ ।

अर्को कुरो, मैले जहिलेसुकै भन्ने गरेको छु, 'हाम्रो तर्क मानव तर्क हो, हाम्रो दृष्टि मानव दृष्टि हो ।' जसरी भ्यागुतोले अर्कै देख्छ र मानवचक्षुले हेर्दा अर्को रूप देखिन्छ, त्यसैगरी देवताको आँखामा पर्ने विश्वको रूप अर्कै हुन्छ, उसको तर्क पनि अर्कै हुन्छ । त्यसो हुनाले त्यो हामी बुझ्नै सक्तैनौं । भ्यागुतोले मानवचक्षुबाट देखिने कुरा देख्दैन, मानव बुद्धिले तर्क गर्न सक्ने कुरा उसको दृष्टिले हेर्न सक्तैनँ । हामी देवताको कानले सुनेको कुरा बुझ्न सक्तैनौं । त्यसो हुनाले हाम्रा आध्यात्मवादीहरू जब उनीहरूको तर्कले भेट्टाउँदैन तब भन्दछन्, 'त्यो त असभ्य छ, केही लाग्दैन ।' हाम्रा सबैभन्दा ठूला दार्शनिक र सैबभन्दा ठूला तार्किक शंकराचार्य थिए । उनले पनि अन्त्यमा भनेका छन्, 'यथार्थमा, मायाबाट प्रवाहित भएर जानुपर्दछ, बाटो हिंड्दाहिंड्दै श्रद्धा र भक्तिकै आधारमा एउटा खाल्डोलाई पार गर्नुपर्दछ ।'

मेरो व्यक्तिगत धारणाले मानोस् वा नमानोस्, तर मेरा मानिसहरूले यत्रो विश्वास गर्दछन्, कसैले प्रसाद ल्याइदिएको छ, कसैले के ल्याइदिएको छ, मेरो लागि कसैले अनुष्ठान र यज्ञ के–के गरेका छ भने त्यसले मलाई अभिभूत गर्छ नै ।

अहिले मेरा धेरै मित्रहरूले मेरा लागि हिन्दुस्तानमा धेरै कुरा गरिरहेका छन् । कसैले यज्ञ गराएको छ, कसैले कुनै बाबालाई भेटेका छन् । कलकत्तामा मेरा एकजना बङ्गाली मित्र छन् । उनले सुशीलालाई 'तिमी एकपटक आऊ' भनेर बारम्बार खबर गरेका छन् । उनले पहिले त मलाई पनि लिएर आउनु भनेका थिए, तर अहिले म नआए पनि आउनु भनेर सुशीलालाई खबर पठाइरहेका छन् । त्यहाँ कतै गजबकी देवी छन्, त्यहाँका पूजारीले उनलाई केही पूजा गर्नुपर्छ भनेका रहेछन् । अब, मैले सुशीलालाई जाऊ भन्ने कि नभन्ने ? मेरो मात्र कुरा भएको भए किन जानुपर्‍यो भन्दिन्थें । तर मेरो मात्र विश्वासको कुरा भएन, यहाँ त मेरा मित्रमण्डलीको विश्वास, मेरी पत्नीको विश्वास र मेरो परिवारको विश्वाससमेत थियो । परिवारका व्यक्तिहरूका साथसाथै जुन मानिसहरूले आ–आफ्नो तरिकाबाट मलाई ईश्वरको अनुकम्पा दिलाउन चाहन्छन् त्यो देखेर कहिलेकाहीं म छक्क पर्छु । कहिलेकाहीं जब म, मलाई आएका चिठीहरूको खाम उघार्छु, त्यसमा सिन्दुर चन्दन इत्यादि भएको दुई–

बाँकी ३ पेजमा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

## समयसापेक्ष...

गाउँको शासन र न्यायप्रणाली चलेको जानकारहरू बताउँछन् । माइनजन प्रणालीमा सबै खाले मुद्दाको गाउँमै मेलमिलाप गराइन्थ्यो । थाना प्रहरी वा अदालतमा यस्ता सामाजिक विवादहरू कमै पुग्थे । अहिले पनि गाउँघरमा माइनजनले पञ्चायती गर्ने चलन कायमै छ ।

'नेपालको संविधान, ऐन, कानुनहरू पश्चिमा संस्कृतिबाट प्रभावित छ । तर गाउँघरको जातीय रूपमा स्थापित माइजन प्रथा पूर्वीय दर्शनबाट प्रभावित छन्,' पाटन संयुक्त क्याम्पस, ललितपुरका इतिहास विभागका सहप्राध्यापक डा. विजयप्रसा मिश्र भन्छन् ।

त्यसैले माइजनको निर्णय र अहिले नेपालमा बनेका नयाँ नयाँ कानुनबीच तालमेल नमिलेको मिश्र बताउछन् । 'जातीय संस्कार, संस्कृति, मूल्य मान्यतालाई हामीले सम्मान गर्नु पर्छ, सांस्कृतिक, जातीय रूपमा मानिएको मूल्य मान्यताको विरोध हुनेगरी कुनै गतिविधि राज्यले समेत गरिदिनु हुदैन,' मधेस मामिलाका जानकार समेत रहेका मिश्रले भने, 'अहिलेको बैज्ञानिक युगमा केही जातीय नियमहरू अवैज्ञानिक वा अहिलेको परिवर्तित समय सुहाँउदो नहुन सक्छ । त्यसलाई ती जातीय समुदायका मानिसले परिवर्तित स्थिति अनुसार आफ्नो केही रूढीवादी परम्परालाई परिमार्जन गर्नु आवश्यक छ ।'

जेएस मुरारका लहानका समाजशास्त्रका सहप्राध्यापक शोभितलाल चौधरी माइनजन प्रणाली हाम्रो परम्परा भए पनि यसको निरन्तरतामा भने अरू बहस गर्न आवश्यक रहेको बताउँछन् । 'कुनै बेला माइनजन प्रणालीका आधारमा थारू लगायतका अन्य जातीय समुदाय चल्ने गरेको थियो, तर अहिलेको प्रविधिमा आधारित समाजमा त्यही प्रणालीलाई निरन्तरता दिनु पर्ने कुरा सान्दर्भिक हुन्न' उनले भने, 'माइनजन प्रथा हाम्रो समुदायको अतीत हो । तर यस प्रथाका कारण समुदायमा अनावश्यक आर्थिक व्यय बढेको, भोज भतेरतर्फ समाज आकर्षित भएका लगायतका अन्य बिसंगति र बिकृतिलाई पनि बढावा दिएको सन्दर्भलाई सम्फनु पर्छ ।'

जातीय समाजलाई सहि बाटोमा डोन्याउन 'माईनजन' को महत्वपूर्ण भूमिका हुन्छ । समाज परिवर्तनमा महत्वपूर्ण भूमिका रहने सिरहाका जातीय अगुवा तथा माइनजनहरूमा परम्परागत रूढीबादी संस्कार कायमै रहेको हुँदा कतिपय माइनजनले लिने निर्णय समाजमा आत्महत्या देखि हत्या घटनासमेत निम्तिएका छन् ।

सहप्राध्यापक चौधरीले माइनजनले गलत निर्णयहरू लिन थाल्नु र समय परिवर्तनसँगै माइनजनको सोच पुरानै ढर्रामा अघि बढ्नुपनि समयसापेक्ष हुन नसक्दा विश्वसनीयको आधार गुम्दै गएको बताए । 'माइनजनहरूले समय सापेक्ष निर्णय लिनसके अफै पनि समाजमा उनीहरूको प्रभाव कायमै छ,' उनले भने, 'त्यसका लागि माइनजनहरूले नयाँ कानुन ऐनलाई अध्ययन गर्न जरूरी छ र त्यही कानुनलाई टेकेर जातीय निर्णय लिन सके यो प्रथा परिष्कृत भएर स्थापित हुनसक्छ ।'

### अन्तराष्ट्रिय कानुनको मान्यता

अन्तराष्ट्रिय श्रम संगठन महासन्धी नम्बर १६९ ले आदिवासी जनजातिका प्रथाजनित संस्था र कानुनलाई मान्यता दिएको छ । यो महासन्धी आदिवासी जनजातिको अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुन हो । २०६४ साल भाद्र ५ गते नेपालको संसदले अनुमोदन गरेको यो महासन्धी नेपाल कानुन सरह लागू हुन्छ । नेपाल सन्धी ऐन २०४७ को दफा ९ अनुसार यो महासन्धी नेपाल कानुन सरह लागू हुन्छ । यसैगरी आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट संघीय घोषणापत्रमा पनि आदिवासी जनजातिका सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनीतिक संस्थाहरू, तिनका अभ्यास, प्रथा तथा कानुनी प्रणालीलाई संरक्षण गनु पर्ने उल्लेख छ ।

## दुर्घटनामा..

अनटेस्ट पिकअप गाडीले ठक्कर दिँदा मोटरसाइकलमा सवार सप्तरी छिनमस्ता गाउँपालिका-४ की ५५ वर्षीया ललितादेवी साहको मृत्यु भएको छ ।

दुर्घटनामा घाइते भएकी उनलाई गोलबजारस्थित भुमिजा अस्पताल लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## धर्म ...

चारवटा फूलका पातहरू पाउँछु । हिजोमात्र एउटा खाम खोल्दा एक जनाले मनकामनादेवीको पूजा गरेर केही फूलका पात र सिन्दुर पठाएको पाएको थिएँ । अब, त्यत्रो ठूलो श्रद्धालाई म अस्वीकार गर्छु भन्न पनि त सक्तिन नि !

मेरो दृष्टिमा धर्म भनेको, 'एउटा भौतिक लोक अर्को आध्यात्मिक यी दुई लोकमा मानिसहरू विचरण गर्दछन् । यो धर्तीबाट हामी चामल, गहुँ इत्यादि पौष्टिक कुरा उब्जाउँछौं । यही धर्तीबाट कुनै पौष्टिक तत्त्व नभएको गुलाव, चमेली उत्पन्न हुन्छ । मानवलाई भौतिक पदार्थ, भोजन इत्यादि चाहिन्छ । तर त्यसको साथसाथै मानवलाई एउटा त्यस्तो पनि तत्त्व चाहिन्छ, जुन अर्को किसिमको खुराक वा पेट भर्ने खुराक होइन । त्यो विश्वासको कुरा धर्मले दिएको खुराक हो । सूर्योदय हुन्छ । सूर्योदय हेर्दा तपाईंहरूको मनमा एउटा प्रसन्नता आउँछ कि आउँदैन ? देवता नमान्नुहोस्, धर्म नमान्नुहोस्, केही नगर्नुहोस्, तर त्यो के हो त ? आजै बिहान मैले झ्यालको पर्दा खोल्दा भर्खर-भर्खर उदाएको सूर्यको मण्डल देखेँ । त्यसलाई म भनै देवता उदय भएको नभनौं, तर मनमा बडो रमाइलो त लाग्यो नि ! त्यसरी रमाइलो लाग्नु र रमाइलोको अनुभूति हुनु नै, त्यो धार्मिक अनुभूति हो । मानिसले त्यसैबाट एक कदम अगाडि बढेर भनिदिए, 'देवता उदाए । अनि, त्यस सूर्यलाई त्यसैबाट अगाडि गएर यो त देवताको रूप हो भनिदिए ।'

अब, सूर्यको उदय र गुलाब फक्रेको दृष्यलाई तपाईंले राम्रो भन्न सक्नुभएन, रोमाञ्चित हुनुभएन वा त्यसले तपाईंलाई रिफाउन सकेन भने तपाईंको जीवनको एउटा पक्ष सुकेको रहेछ, मरेतुल्य भएको रहेछ । हो ! त्यो रोमाञ्चकता जसले उत्पन्न गर्दछ, धर्म पनि त्यही ठाउँमा बसेको हुन्छ ।

एकपटक जयप्रकाश नारायणसँग मेरो बहस चलेको थियो र त्यहाँ अरू पनि थिए । केही वैज्ञानिकहरू पनि आएका थिए । त्यससमय धर्म र ईश्वरको कुरामा, धर्मको कस्तो आवश्यकता छ भनेर यस्तै तर्कहरू दिइरहेको थिएँ । मैले पूजा गर्नु र बाहुनलाई भेटी चढाउनु धर्म हो भनेको होइन । साँच्चै भनौं भने त्यस कर्मकाण्डपट्टि ठूलाठूला धार्मिक मानिसहरू त जाँदै जाँदैनन् । हिन्दु धर्मशास्त्रकै कुरा गरौं भने पनि कर्मकाण्डलाई नमानिकन पनि धर्मलाई अँगालेर बसेका मानिसहरू प्रशस्तै छन् । अब, हिन्दुले एउटा धर्म, मुसलमानले अर्को धर्म र क्रिश्चियनले फेरि अर्को धर्म मानेका छन् । तर ति सबै त्यही भावजगत्‌बाट उम्रेका तत्त्वहरू हुन्, आध्यात्मिक भनौं वा आधिभौतिक भनौं, सबै भौतिकताभन्दा बाहिरका कुराहरू हुन् । *क्रमशः*

## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा ...*

# गाउँ 'किनबेच' र 'बन्धकी' को कथा



**सिरहा** । डोम जाति । तराईको अल्पसंख्यक मधेसी दलित समुदाय हुन् । उनीहरू जग्गाको साटो 'गाउँ' किन्ने र त्यही गाउँ जग्गा भै 'बन्धकी' राख्छन् । उनीहरूले आफूले किनेको गाउँ उनीहरूको समुदायमा बिक्रि समेत गर्दछन् । मधेसको सबै बस्ती कुनै न कुनै डोम समुदायका मानिसले किनेकै हुन्छ । मधेसको सबै गाउँ बिक्रि भएको छ ।

धनगढीमाई नगरपालिका-१२ का पचुवा मरिकले रामपुत मरिकसँग गोलबजार नगरपालिकाको मुक्सार गाउँ ३५ हजार रूपैयाँमा किनेका छन् । लहान नगरपालिका-२२ सिसवनीका दिलिप मरिकले सोही नगरपालिका-४ का गाउँ १ बर्ष अघि ६० हजार रूपैयाँमा किनेका छन् । लहान नगरपालिका-२२ का महेन्द्र मरिक भन्छन्, '२० बर्ष अघि ६ हजारमा किनबेच भएको गाउँको अहिले भाउ बढेको छ ।'

सिंगो वडा नै किन्ने दिलिप मरिकको हजुरआमाको नाममा अर्को बेली गाउँ छ । हिजो आज बेली गाउँ दुई दाजुभाइले संयुक्त रूपमा चलाइरहेका छन् । परिवारको सदस्य वृद्धि भएकोले थप गाउँ किन्नु परेको उनको कथन छ । मरिकले भने, 'कमाई गरि खाने गाउँ थोरै भएकाले त्यसबाट हुने कमाईबाट गुजारा चल्न धौधौ परेपछि नयाँ गाउँ किनेको हुँ ।'

मरिकले भने, 'आफ्नो गाउँ नहुँदा आफैले बनाएको बाँसका सामग्रीहरू अरूलाई कम मूल्यमा दिनु पर्थ्यो ।' डोम समुदायले बाँसका सामग्रीहरू बनाउने र आफूले किनेको गाउँमा बेच्ने गर्दछन् ।

पूर्वको भापादेखि पश्चिमको पर्सासम्म करिब १३ हजारको संख्यामा छरिएर बसेका डोम समुदायमा आफ्नो ईलाका, एरिया छाडेर अरूको एरियामा गएर बाँसको सामग्री बिक्रि गर्न र काम गर्न प्रतिबन्ध छ । अरूको एरियामा गएर काम गर्न र बाँसको सामाग्री बनाएर बिक्रि गर्न गाउँ, सहर किन्नु पर्छ नभए बन्धकी लिनुपर्दछ । कोही लुकेर अर्काले किनेको गाउँमा बेच्न गएमा जातीय नियम अनुसार दण्ड बेहोर्नु पर्दछ । यो समूदायमा भाइभाइबिच अंश लगाउदा पनि गाउँ टोल नै लगाउने चलन छ । अंशमा एउटा मात्र गाउँ भागमा परेपछि काम गर्ने एरिया सानो हुँदा सिसवनीका भोला मरिकले बन्धकीमा लिएका छन् । भोला भन्छन्, '३५ हजारमा हरी मरिकसँग बाखैर गाउँ बन्धकीमा लिएको छु ।'

धनगढीमाई नगरपालिका-११ का डोम समुदायको अगुवा रामचन्द्र मरिकका अनुसार गाउहरू ५० हजारदेखि एक लाख रूपैयाँसम्ममा र बजार दुई लाखदेखि पूाच लाखसम्म किनबेच हुने गरेको छ । उनले भने, 'डोम समूदायमा जातीय कानुन कडा रहेकोले अरूको गाउ, टोलमा आएर काम गरे जातीय दण्ड जरीवनामा परिने डरले कोही पनि अरूको इलाकामा काम गर्न जादैनन् ।' घरखर्च चलाउन समस्या परेपछि आफुले पनि ६ महिना अगाडी एउटा गाउँ १० हजारमा बन्धकी लगाएको मरिकले बताए ।

२०६८ को जनगणना अनुसार सिरहामा २३८ घरधुरी डोम समुदायको बसोबास छ । यहाँका गाउँहरूमा ५/१० डोम समुदायको घर परिवार हरेक गाउँमा बसोबास छ । सिरहामा २२ सय ३१ जनसंख्या रहेको यस समुदायको मुख्य आयश्रोतको काम नै बाँसको सामग्री बनाएर बेच्ने हो । डोम समुदायको अगुवा रामचन्द्र मरिकले भने, 'पहिले पहिले छाडारूपमा चराउन पाउँदा सुङ्गुर पालन पनि गरिन्थ्यो, तर गाउँगाउँमा बन्देज लागेकोले हिजोआज बाँसको सामग्री बेचेर नै गुजारा चलाउने गरेका छौं, कमै मात्रले बंगुल पालन गर्छन ।'


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# किन स्थानीय तहका जनप्रतिनिधि विवादित ?

## पालिका बहस

**प्रकाश राई**



स्थानीय तहका जनप्रतिनिधिहरू विवादित भएको समाचार रोजैजसो पढ्न, सुन्न, देख्न पाइन्छ । स्थानीय सरकार भनेको राज्यको खास वारेस जनताले प्राप्त गर्ने पहुँच हो । संघीय शासन प्रणालीमा यसको सशक्त सबलीकरणको माध्यमबाट नै देशको आधारभूत तहलाई उठाउने र देश बनाउने हो । नेदरल्याण्डजस्तो मानव विकास सूचकांकमा माथिल्लो दर्जामा रहेको मुलुकको मुख्य कारण नै अधिकार सम्पन्न स्थानीय सरकार र स्थानीय सरकारको प्रभावकारी कार्यसम्पादन हो । तसर्थ जनप्रतिनिधिहरूबाट उच्च स्तरको कार्यसम्पादनको अपेक्षा गरिन्छ ।

तर, अधिकांश जनप्रतिनिधिहरू अपेक्षा विपरीत किन विवादित हुन्छन् भन्ने सवालमा विमर्श हुन जरूरी छ । एकपक्षीय रुपमा जनप्रतिनिधिहरु आफ्नो आत्मगत कारणले मात्रै विवादित सुनिन्छ कि अरू पनि कारण छ । आजको नेपाली समाजमा सोधखोज हुनुपर्ने जल्दोबल्दो सवाल हो ।

**प्रत्यक्ष निगरानी र नयाँ अभ्यास**

स्थानीय तह जनतासँग र सरोकारवालासँग सँगसँगै रहनुपर्ने भएकाले यसको प्रत्यक्ष निगरानीको गुञ्जायस हुन्छ । अरू तहका जनप्रतिनिधिहरु चुनाव जितेर राजधानी पस्छन् वा गाउँ घर छाडेर जान्छन् । स-सना कुरामा जनताले सिधै स्थानीय तहको जनप्रतिनिधिलाई जस्तो सरोकार पनि राख्दैनन् । तर स्थानीय तहको जनप्रतिनिधि चुनाव जितेर जनतासँग बस्नुपर्छ । तसर्थ स्थानीय तहका जनप्रतिनिधिहरु जनताको बीचमा २४ घण्टा नै सेवकको भूमिकामा रहनुपर्छ । जनताको जीवनशैली र खानपान व्यवहारको प्रत्यक्ष निगरानीमा रहनुपर्छ ।

तसर्थ सानोतिनो मानवीय कमजोरीसमेत ठूलो विवादको कारक बन्ने हमेसा खतरा हुन्छ । नेपालको संविधान २०७२ ले संघीय राज्य अन्तर्गत स्थानीय तहलाई शक्तिशाली अधिकारसम्पन्न स्थानीय सरकारको रूपमा स्थापित गरिदिएपछि अब सबै काम स्थानीय सरकारबाट हुन्छ भन्ने सञ्चार पनि बिस्तार भयो । अर्कोतर्फ यो नवीन अभ्यास पनि थियो । संरचनाहरु नयाँ बनाउनुपर्ने र नयाँ प्रयोग गर्दै अगाडि बढ्नुपर्ने बाध्यताका कारणले पनि जनताका अपेक्षाहरु भनिए बमोजिम पूरा हुन नसक्दा स्थानीय तहका जनप्रतिनिधिहरु विवादित र आलोचित हुन गएको र प्रत्यक्ष निगरानीको फलनको रूपमा बढी नै प्रचारप्रसार भएको कारणबाट पनि अलि बढी नै विवादित हो कि भन्ने आभास परेको हुन सक्छ ।

**प्रशिक्षण (राजनैतिक संस्कृति) र जनअपेक्षा**

मूलतः नेपालको राजनीतिको प्रशिक्षणको चुर र धुरी नागरिक स्वतन्त्रता, दलीय स्वतन्त्रता अभिव्यक्ति स्वतन्त्रतासँग बढी जोडियो । अहिलेको संघीय सरकारको मोडेल र संरचनाको जग भनेको २०६२/२०६३ को आन्दोलनको जग नै हो । २०६२/०६३ को आन्दोलनको मूल लक्ष्य भनेको राजालाई कमजोर बनाउने, हटाउने, माओवादी र संसदीय राजनीतिमा रहेको शक्तिको गठबन्धनलाई अवतरण गर्ने भन्ने थियो । यति गरेपछि सबै जादू झैं ठीकठाक हुन्छ भन्ने खालको राजनीतिक प्रशिक्षणबाट उत्प्रेरित कार्यकर्तालाई आन्दोलनमा पठाइएको थियो । त्यहाँ समृद्धि आदि इत्यादिको प्रशिक्षण दिइएको थिएन । फलतः राजनीतिक कार्यकर्ताको मगजमा पोलिटिकल चेन्ज पछिको कार्यक्रम दिमागमा थिएन ।

तिनै आन्दोलनकारी र राजनीतिक परिवर्तन उत्प्रेरणाको प्रशिक्षण लिएका व्यक्तिहरु आज स्थानीय तहको जनप्रतिनिधि हुँदा जुन बदलिएको सन्दर्भमा समाजको अपेक्षा हो सो पूरा गर्न एकाएक सफल हुने कुरा पनि भएन । फलतः जनप्रतिनिधिहरूको कार्यसम्पादन विवादमा तानिने एउटा यो कारण पनि हो । विपक्षीलाई असहयोग गर्नु सबैभन्दा ठूलो राजनीतिक कर्तव्य धर्मको तहमा ठानिने र आफू लोकप्रिय भएर होइन विपक्षी शक्ति चाहिँ बदनाम र अलोकप्रिय भयो भने मेरो शक्ति र तागत बढ्छ भन्ने चेत नै नेपाली राजनीतिको सांस्कृतिक चेत भएको छ ।

**त्रुटिपूर्ण राजनीतिक प्रणाली, आन्तरिक गुटबन्दी र टिकट वितरणमा यसको प्रभाव**

हाम्रो राजनीतिक प्रणाली अपेक्षित जनमैत्री वा जनबफादारितामा आधारित छैन । पार्टीको आन्तरिक प्रशासनप्रतिको बफादारिता नै निर्णायक छ । पार्टीको कुनै पनि सदस्यले जनप्रतिनिधिको रूपमा प्रतिस्पर्धामा जानको लागि पार्टीबाट टिकट प्राप्त गर्नुपर्दछ । टिकट वितरणमा जनताको सुझावको कुनै गुञ्जायस हुँदैन ।

जनताले इच्छाएको व्यक्तिले टिकट पाउने कुनै मापदण्ड छैन । जनताको त टिकट वितरणमा हात हुँदैन नै पार्टी कार्यकर्ताको पनि वा मध्यमस्तरको नेता समेत शीर्षस्थको मुख ताकेर बस्नुपर्ने प्रणाली छ । यसरी टिकट वितरण गर्दा व्यक्तिमा अन्तरनिहित सामर्थ्य, क्षमता र इमान्दारिताको कुनै तौल हुँदैन । मूलत गुटबन्दीले क्रोनिक भएको नेपालको राजनीतिमा गुटबन्दीको तराजुमा नापेर टिकट वितरण गर्ने परम्परा स्थापित नै भइसकेको छ । तसर्थ राइट म्यान राइट प्लेस नहुने कारणले पनि स्थानीय तहका जनप्रतिनिधिहरूले अपेक्षाहरु पूरा गर्न नसकेका आफ्नो कामलाई सहज ढङ्गले व्यवस्थापन गर्न नसकेको कारणले विवादित भएको देखिन्छ ।

गुटगत राजनीति नै निर्णायक भएकाले पछि देवत्वकरण र दानवीयकरण भन्ने राजनीतिका अतिहरु देखा पर्छन् । फलतः यसको बर्कोमा राम्रो पनि छोपिने अनि नराम्रो देखिने वा नराम्रो पनि छोपिने अनि राम्रो देखिने अभ्यास हुन्छ । अनि बफादारिता चाहिँ टिकट वितरण गर्न सक्ने शक्तिकेन्द्रमा मात्र केन्द्रीकरण हुने कारणले जनताको र आम कार्यकर्ताको गुनासा व्यवस्थापनमा ध्यान नपुगेको व्यक्ति पनि छनोट हुन्छ ।

जनतामा लोकप्रिय छवि बनाएका व्यक्ति पनि पार्टीबाट टिकट नपाएर बरा, विचरा हुँदै हिँडिरहेको राजनीतिक पीडितहरूको लस्कर अनि अर्कोतर्फ सोच्दै नसोचेको व्यक्तिले उपहार चिट्ठा पाएको शैलीमा टिकट पाएर जनप्रतिनिधि भएको दृश्यको प्रभावले राजनीतिमा लोकप्रिय भइरहनुपर्छ भन्ने अनिवार्य शर्त देखिँदैन । जनप्रतिनिधिहरूमा शक्ति केन्द्रलाई खुशी राख्ने अनि बाँकी अलोकप्रियताको बाटो पनि सहज नै ठान्ने चेतको कारणले पनि जनप्रतिनिधिहरु विवादित देखिन्छन् । गुटगत राजनीतिको प्रभावले फरक गुटकाले जनप्रतिनिधिको काममा स्वामित्व नलिने र हार्दिकतापूर्ण राजनीतिक सहयोग नहुने कारणले पनि जनप्रतिनिधिहरूले अपेक्षाकृत काम गर्न सकिरहेका हुँदैनन् ।

**सामाजिक मान्यता र उपभोक्तावादी संस्कृतिको प्रभाव**

हाम्रो समाजमा राजनीति भनेको जोगी हुनलाई गर्ने होइन भन्ने नारा स्थापित नै भइसकेको छ । 'रेफरेन्स' व्यक्तित्व बनाइसेका नेताहरूले समेत खुलेआम यो सामाजिक मान्यतालाई मुखरित गरिरहेको देखिन्छ । 'जोगी नबने के भोगी बन्ने हो त ?' यसको अर्थ बहुत गजवले रेसनलाइजेसन गरिएको छ । जसरी पनि पद लिने ।

पदसँग मात्रै प्रतिष्ठाको हिसाब देख्ने समाजको सामाजिक स्तरीकरण भएपछि यो क्षेत्रमा आएका राजनीतिक व्यक्तिहरु जसरी पनि सुविधाको पद प्राप्तिको अभियानमा लाग्ने र जीवनशैलीलाई उपभोक्तावादी जीवनशैलीको प्रभाववाट अलगअलग गर्न नसकी जनतासँग छर्लङ्ग छुटिने खालको जीवनशैली देखाउन थालेपछि त्यसको लागत व्यवस्थापनको कारणले जे जति प्वालहरु पर्न थाल्छन् ती सबै विवादका मुहानहरु हुन् ।

कतिपय जनप्रतिनिधिहरूले भत्ता कम भयो भनेर आन्दोलन नै गरेको समेत यही बीचमा देखियो । आन्दोलन गर्न नसक्ने वा नगर्नेको मनमा पनि सेवा सुविधा कम भयो भन्ने गुनासा प्रकट भएको देखियो । कतै गाडी चढ्न नपाएकोमा गुनासो आयो । दमकल, एम्बुलेन्स नभएको तर त्यही धुलोबाट भर्खर स्थानीय तहको जनप्रतिनिधि भएका व्यक्ति गाडीमा नचढी नसक्ने देखिए । गाडीका कारणले झगडा आदि कृतघ्न समाचारहरु पनि पढिरहनु पर्ने विडम्वना नेपाली समाजमा छ ।

**प्रतिपक्षको भूमिका**

सबल लोकतन्त्रको विशेषता भनेको विपक्षले सत्ता पक्षलाई गलत गर्नबाट रोक्ने र सत्तापक्षले राम्रो गर्‍यो भने त्यसको लाभांश सबै जनताले प्राप्त गर्ने भएकाले सत्तापक्षबाट राम्रोको आशा गर्ने हो । तर यो संस्कृति स्थानीय तहको राजनीतिमा धेरै कमजोर अवस्थामा छ । जन अपेक्षा विपरीतको काम गर्नमा सत्ता पक्षसँगै प्रतिपक्ष पनि टाँसिएर सिण्डिकेट गरेका घटनाहरु देखिन्छन् ।

जनप्रतिनिधिहरूको सेवा सुविधा बढाउने कुरामा कतै सत्ता पक्ष र विपक्षबीचमा विवाद भएको देखिएन । सत्ता पक्षले राम्रो गर्‍यो भने चाहिँ बर्बाद भइन्छ भन्ने पीरले प्रतिपक्षको राजनीतिक भूमिका झुर देखिइरहेको छ । सत्ता पक्षले राम्रो गर्‍यो भने अर्को पटक पनि जित्छ भन्ने छोटो सोचाइ विपक्षीग्रन्थी बनेको अवस्थामा राम्रै गर्न खोज्दा पनि विवादका अनेक निराशाहरूले बजारभाउ पाउने कारणले पनि स्थानीय तहका जनप्रतिनिधिहरु विवादित भएका खबर सुन्न पाइन्छ ।

अर्कोतर्फ सत्ता पक्ष पनि सुझाव ग्रहण गर्ने आलोचना सुन्ने कुरामा सुसंस्कृत देखिँदैन । सत्तालई नैसर्गिक अधिकारको रूपमा बुझेर विपक्षीलाई समेटेर लाने कुरमा कन्जुस्याइँ गर्ने, अहमको शिकार भइरहने कारणले पनि कार्यसम्पादनको सिलसिलामा व्यवधानहरु खडा भइरहने समस्या छ ।

**चुनावको अर्थशास्त्र र समाजशास्त्रः**

चुनावको टिकट वितरण गर्दा कसले कति खर्च गर्न सक्छ भन्ने मानक बनाइन्छ । खर्च गर्न सक्ने क्षमतालाई र क्रेडिट लाइनलाई महत्वपूर्ण आधार मानेर टिकट वितरण गर्ने चलन नै बनेको छ । चुनावमा वडाध्यक्षको चुनाव लड्न भएको खर्चको विवरण सुन्दा अपत्यरिलो लाग्छ । प्रशिक्षित कार्यकर्ताको पंङ्तिभन्दा खर्चपानीको आधारमा खटनपटनमा लाग्ने पङ्तिका कारणले चुनावको अर्थशास्त्र बेरीतको हुने गर्छ ।

चुनावी समाजशास्त्रको पाटो पनि उस्तै छ । आफन्तलाई आशीर्वादको रूपमा भोट दिने, कुनै राजनीतिक आस्था, मान्यता र सिद्धान्तको कारणले भन्दा पनि नश्लीय कारणले भोट दिने ठूलो पङ्ति प्रभावित भएको हुन्छ । नेपाली समाजमा आफ्नो पर्ने मान्छे जनप्रतिनिधि भएर गयो भने यी हाम्रो मात्रै होइन सबैको साझा भन्ने चेतनाको स्तर देखिँदैन ।

सोही कारणले आफन्तलाई जागिर दिनुपर्ने वा पार्टीको कार्यकर्ताको मूल्यांकनको नाममा बिना योग्यता प्रणाली अवसर दिनुपर्ने अन्यथा फलानाले पार्टीको निर्देशन मानेन वा ठाउँमा पुग्दा पनि कुल, खानदान, आफन्त, छरछिमेक हेरेन भनेर आरोप लाग्ने गर्छ । सहयोग गरिरहेकाहरूले सहयोग गर्न बन्द गरिदिने कारणले पनि स्थानीय तहका जनप्रतिनिधि नियतिको जञ्जीरमा फस्दै अवैधानिक अलोकप्रिय निर्णय गर्न विवश हुन्छन ।

अन्तमा, यस्ता अनेकौं कारणले स्थानीय तहका जनप्रतिनिधिहरु सोचेजस्तो लोकप्रिय र सफल हुन सकेका छैनन् तसर्थ अमूक जनप्रतिनिधिहरु आफ्नै निरपेक्ष निजी कमजोरीहरूका कारणले मात्रै विवादित भएका सत्तोसराप गरेर राजनीतिले, समाजले उकालो बाटो काट्दैन । स्थानीय तहको सफलतासँग संघीयताको, देशको सफलताको सिधा सम्बन्ध छ । *प्रदेश पोर्टलबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६११६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)